# मिति २०८१ पुस ०५ गते बसेको मन्थली नगरपालिकाको

# कार्यपालिकाको ३६ औं बैठकका निर्णयहरु

**निर्णय नं: १**

कार्यपालिकाको अघिल्लो ३५ औं बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिबारे छलफल तथा समीक्षा गरियो । अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक पाईयो ।

**निर्णय नं. २**

बालमैत्री स्थानीय शासनयुक्त वडा र नगर घोषणाका आवश्यक सुचक पुरा गर्न पूर्वाधारजन्य सार्वजनिक शौचालय, विद्यालय कक्षा कोठा तथा घेरावार, खानेपानी धारा लगायतका संरचनाको तथ्याङ्क संकलन प्रयोजनार्श गठित कार्यदलले पेश गरेको प्रतिवेदन माथि छलफल गरियो । बालमैत्री स्थानीय शासनयुक्त वडा तथा नगर घोषणाका लागि आवश्यक पूर्वधार निर्माण र मर्मतका लागि आवश्यक स्रोत प्रदेश समपुरक आयोजनाको ठेक्का कार्यबाट वचेको रकमबाट व्यवस्थापन गर्ने ।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाको नगरसभाको १५ औं अधिवेशन यही मिति २०८१ साल पुस २६ गते शुक्रवार दिनको १०.०० बजे मन्थली नगरपालिकाको सभाहलमा सञ्चालन गर्ने । नगरसभामा पुरस्कृत तथा सम्मान हुने विधा र संघ संस्था समुह तथा व्यक्ति छनौट गर्ने अधिकार कार्यपालिकाको २०७९ कार्तिक १७ गतेको बैठकबाट गठित समितिलाई प्रदान गर्ने ।

**निर्णय नं. ४**

मन्थली नगरपालिकाको योजना सञ्चालनमा हालसम्म भएका कार्य प्रगतिको सम्बन्धमा छलफल गरियो । चालु आ.व.को योजना सम्झौता र सञ्चालनका लागि यस अघिको कार्यपालिकाबाट पारित गरेको समय सारिणी बमोजिम योजना सम्झौताको कार्य न्यून भएकाले योजना सम्झौताको अवधी यही माघ २५ सम्म कायम गर्ने ।

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. ५

मन्थली नगरपालिकाको आयोजनामा यही पुस १६ र १७ गते हुने कृषि/उद्यम मेला प्रदर्शनीको लागि देहायको शिर्षकबाट देहाय बमोजिमको रकम रकमान्तर गरी खर्च लेख्ने र आगामी नगरसभाबाट अनुमोदन गराउने ।

| सि.नं. | बिनियोजित क्रियाकलापको नाम | रकम | रकमान्तर शिर्षक | रकम |
|---|---|---|---|---|
| १ | १. कार्यक्रम सम्बन्धी सूचना प्रवाह, प्रचार प्रसार, कृषक पासबुक तथा अन्य छपाई | १००००० | कृषि तथा लघु उद्यम प्रदर्शनी मेला | १३००००० |
| | २. उत्पादनमा आधारित अनुदान (प्लाष्टिक घरमा उत्पादित गोलभेडामा प्रति किलो रु. १ का दरले) | ३००००० | | |
| | ३. कृषि उपज बजारीकरण (प्याकिङ, ग्रेडिङ, लेबलिङ आदि) मा साझेदारी | ३००००० | | |
| | ४. दुधको तथ्याङ्क अद्यावधिकको लागि सामाजिक परिचालक व्यवस्थापन | ४००००० | | |
| | ५. पशु सेवा केन्द्रहरुको व्यवस्थापन (टेबिज निर्माण,फर्निचर तथा आवश्यक सामाग्रि खरिद आदि व्यवस्थापन) कार्यक्रम | २००००० | | |
| | | १३००००० | | |
| २ | लागत साझेदारीमा कृषि उपज पैचो पसल स्थापना तथा सञ्चालन (निरन्तरता समेत) | ३००००० | रामेछाप वहु प्राविधिक शिक्षालयमा कृषि डिप्लोमा अध्ययनका लागि छात्रवृत्ति | ३००००० |

निर्णय नं. ६

मन्थली नगरपालिका वडा नं. २ मा सञ्चालित ताम्रकोशिक आधारभुत माध्यामिक विद्यालयमा हाल उपलब्ध भौतिक संरचनाले मात्र विद्यार्थीको चाँप धान्न नसकेको र थप भौतिक संरचना निर्माणका लागि विद्यालयको आफ्नो नाममा जग्गा नभएकाले विद्यालयको आफ्नै श्रोतबाट विद्यालयसँगै जोडिएका जग्गाहरु मध्येबाट आवश्यक जग्गा खरिद गर्न सिफारिस माग भइआएकाले प्रचलित

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

नियम र कानुनको परिधीमा रही विद्यालयलाई पठनपाठन गर्न सहज र पायक पर्ने स्थानमा जग्गा खरिदको प्रक्रिया अगाडि वढाउन सिफारिस प्रदान गर्ने ।

**निर्णय नं. ७**

मन्थली नगरपालिका वडा नं. ६ मा होल्डिङ्ग सेन्टर निर्माणका लागि नि:शुल्क जग्गा उपलब्ध गराउने जग्गादाताहरुको मिति २०७८/१०/०५ प्रतिबद्धता अनुरुप होल्डिङ्ग सेन्टर निर्माणको कार्य सम्बन्धित निकायबाट शुरु भईसकेको र जग्गादाताहरु प्रतिबद्धता अनुरुपको नि:शुल्क रुपमा जग्गा उपलब्ध गराउन हाल सम्पर्कमा आएकाले प्रतिबद्धता अनुरुपको जग्गा नगरपालिकाका नाममा नि:शुल्क प्राप्तीको प्रक्रिया अगाडि वढाउने ।

**निर्णय नं. ८**

मन्थली नगरपालिका वडा नं. ११ मा रहेको श्री कालिकादेवी आधारभुत विद्यालय लहरेपानीको विद्यालय भवन निर्माणका जग्गा प्राप्तीको प्रक्रिया अगाडि वढाउन अनुमतिका लागि सम्बन्धित विद्यालय र वडा कार्यालयबाट समेत माग भई आएकाले सो विद्यालयका नाममा जग्गा प्राप्तीको प्रक्रिया अगाडि वढाउने ।

**निर्णय नं. ९**

मन्थली नगरपालिकाको विनियोजन विधेयक २०८१ मा पशु विकास शाखाबाट प्रस्तावित भई विनियोजित वजेट शीर्षकमा उल्लेखित दुध उत्पादन अनुदान कार्यक्रममा रु ३५ लाख वजेट विनियोजन भएकोमा सो शीर्षकमा प्रदेश सरकारबाट पनि केही वजेट विनियोजन भई नगरपालिकाबाट विनियोजित सबै रकम खर्च हुन नसक्ने र नगरपालिकाको अनिवार्य दायित्वभित्रका केही कार्य गर्न वजेट नपुग देहायको शिर्षकबाट देहाय बमोजिमको रकम रकमान्तर गरी खर्च लेख्ने र आगामी नगरसभाबाट अनुमोदन गराउने ।

| सि.नं. | विनियोजित शिर्षक | वजेट | रकमान्तर हुने शिर्षक | वजेट |
|---|---|---|---|---|
| १ | दुध उत्पादन अनुदान कार्यक्रममा | जम्मा वजेट ३५ लाख मध्येबाट रकमान्तर हुने वजेट रु १३३७००० | १. औषधी कार्यक्रम (डिस्पेन्सरी कक्ष सञ्चालन)<br>२. रामेछाप प्राविधिक शिक्षालयमा कृषि तथा पशु विज्ञान डिप्लोमा तह अध्ययनका लागि छात्रवृत्ती | ७७०००<br>५६०००० |

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | | | ३. दुधको तथ्याङ्क व्यवस्थापन सफ्टवेयर निर्माण तथा व्यवस्थापन<br>४. पशु स्वास्थ्य एकीकृत घुम्ती सेवा शिविर | ४००००० <br><br> ३००००० |
| | जम्मा | १३३७००० | जम्मा | १३३७००० |

<u>निर्णय नं. १०</u>

मन्थली नगरपालिकाको आफ्नो दररेट निर्धारणका लागि देहाय बमोजिमको कार्यदल गठन गर्ने ।

क) संयोजक श्री सुरेन्द्र वहादुर कार्की — संयोजक पूर्वाधार विकास समिति
ख) सदस्य श्री गोविन्द कुमार कट्टेल — शाखा अधिकृत आर्थिक विकास शाखा
ग) सदस्य श्री सुदर्शन कुमार राय — कानुन अधिकृत कानुन शाखा
घ) सदस्य श्री सुवास काफ्ले — वरिष्ठ सहायक जिन्सी उपशाखा
ङ) सदस्य सचिव श्री डिल्ली वहादुर अधिकारी — इन्जिनियर पूर्वाधार शाखा

<u>निर्णय नं. ११</u>

आधारभुत तह परीक्षा सञ्चालन कार्यविधि २०७६ माथि पेश भएको देहाय बमोजिमको संशोधन प्रस्ताव पारित गर्ने ।

| **हाल भएको व्यवस्था** | **संशोधित व्यवस्था** |
|---|---|
| दफा ३२<br>परीक्षा समितिले स्थानीय तहको परामर्शमा परीक्षामा डि प्लस भन्दा कम ग्रेड प्राप्त गरेका अनिवार्य विषयहरुमा सम्बन्धित परीक्षार्थीहरुको लागि ग्रेड वृद्दि परीक्षाको व्यवस्था गर्न सक्नेछ।(दफा ३२) | दफा ३२<br>परीक्षा समितिले नगर शिक्षा समितिको परामर्शमा NG ग्रेड प्राप्त गरेका सबै विषयहरुमा सम्बन्धित परीक्षार्थीहरुको लागि ग्रेस मार्क व्यवस्था गर्ने वा ग्रेड वृद्दि परीक्षाको व्यवस्था गर्न सक्नेछ। |

<u>निर्णय नं. १२</u>

संघीय सरकार र प्रदेश सरकारबाट आगामी आ.व. २०८२/८३ मा समपुरक अनुदान र विशेष अनुदानबाट देहायका योजना सञ्चालन गर्न प्रस्ताव गर्ने ।

१. समपुरक अनुदान (राष्ट्रिय योजना आयोग)

क) वडा कार्यालय भवन निर्माण मनपा वडा नं. ६ ९ र १२ (क्रमागत)

ख) मन्थली बालउद्यान तथा खुला व्यायामशाला निर्माण मनपा (क्रमागत)

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ग) थानापति मन्दिर मर्मत तथा बुद्ध मुर्ति निर्माण मनपा ९

घ) भटौली कल्लेरी टुनिबोटे खोला कौछिनी खारापानी सडक मनपा ७

२. विशेष अनुदान (राष्ट्रिय योजना आयोग)

क) फोहोरमैला व्यवस्थापन केन्द्र निर्माण मनपा ६ (क्रमागत)

ख) रिट्ठेबाट रुद्रासे सडक मनपा ९

ग) डीही शिखरकटेरी कठजोर सडक मनपा २

घ) सुकाजोरखोला कटान नियन्त्रण कार्यक्रम मनपा १

ङ) रणजोरखोला कटान नियन्त्रण कार्यक्रम मनपा १

३. प्रदेश समपुरक अनुदान

क) देविटार फुलासी सडक मनपा १३ र १४ (क्रमागत)

ख) सावाँडाँडा पशुपति सिक्राल साउनेपानी सडक मनपा १२ (क्रमागत)

ग) ठुली मदौ अर्चले ठाँटी सडक मनपा ३(क्रमागत)

घ) मन्थली भलुवाजोर हुलाकडाँडा सडक मनपा ६(क्रमागत)

ङ) चिसापानी पिपलडाँडा वडा कार्यालय सडक मनपा ८ र ९

च) मन्थली पिपलबोट वडा कार्यालय सडक मनपा २

छ) वडा कार्यालय पुरानागाँउ पोखरी सडक मनपा ९ र १४

ज) भुत्याहाखोला टेकनपुर कठजोर सडक मनपा २ र ३

झ) कुनौरी डाँडँखर्क कालिका मावि सडक मनपा ६

ञ) ठेडीखोला मुगिखोला सिमपानी सडक मनपा ७

४. प्रदेश विशेष अनुदान

क) रामचन्द्र प्रसाई शालिक निर्माण मनपा ७

ख) जबदे सानीवेशी पुरानागाँउ सडक मनपा ८ र ९

ग) पुरानागाँउ वडा कार्यालय वाहुनचुरा वाङ्गेसल्ला सडक

घ) मन्थली च्याउके ठाँटी सडक मनपा ४

निर्णय नं. १३

गत असोज महिनामाको वर्षाका कारण आएको वाढी पहिरोले क्षति पुर्याएका संरचनाको अनुगमन गर्न गठित नगरस्तरीय अनुगमन समितिबाट प्राप्त प्रतिवेदनको आधारमा क्षति पुगको संरचना मर्मतका लागि संघीय सरकारबाट प्राप्त अनुदानबाट देहाय बमोजिमको रकम उपलब्ध गराउने

| क स | प्रस्तावित योजनाको नाम | ठेगाना | अनुमानित रकम | कैफियत |
|---|---|---|---|---|
| १ | देविटार फाँट सिँचाई कुलो | मन्थली १३ | ५००००० | |
| २ | कठजोर खोला तटबन्ध निर्माण र सिंचाई कुलो मर्मत मन्थली २ | मन्थली २ | ४००००० | |

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

| | | | |
|---|---|---|---|
| ३ | नबुघाट खानेपानी तथा सिंचाई ईनार मर्मत तथा खेत संरक्षण कार्यक्रम मनपा ६ | मन्थली ६ | ६००००० |
| ४ | केउरेनी डिलाकरम साहीमुरे कुला निर्माण मन्थली ७ | मन्थली ७ | १५०००० |
| | गाईखुरा तटबन्धन ईनार सफा गर्न मन्थली ८ (रु ५००००० मध्येबाट) | | |
| | क) गाइखुरा लिफ्ट इनार मर्मत | | ५०००० |
| | ख) चिसापानी लिफ्ट इनबार मर्मत | | ५०००० |
| | ग) तटबन्ध निर्माण | | २५०००० |
| ५ | घ) गाइखुरा खेल मैदान | | १५०००० |
| ६ | हातिटार कुला मर्मत तथा खेत सम्याउने कार्य मन्थली ६ | मन्थली ६ | २००००० |
| ७ | सामुदायिक प्रहरी कटबोट छेउ वाल निर्माण मन्थली १ | मन्थली १ | १००००० |
| ८ | अमारे कुला मन्थली ७ | मन्थली ७ | ३०००० |
| ९ | साल्चौर सापमारे खानेपानी ईनार मर्मत | मन्थली १ | ५०००० |
| १० | माझकुला निर्माण तथा क्षति मर्मत मन्थली १ | मन्थली १ | १००००० |
| | क) रणजोर मन्थलीघाट लिफ्ट सिँचाई मेसिन | मन्थली १ | १५०००० |
| ११ | ख) रणजोर मन्थलीघाट तटबन्ध निर्माण भुक्तानी | मन्थली १ | ५०००० |
| १२ | कोलेफाट लिफ्ट | मन्थली १ | १५०००० |
| १३ | खैरनी घरुखहरे सिँचाई | मन्थली ११ | १२०००० |
| १४ | कैलिखेत सिँचाई योजना | मन्थली ९ | ५०००० |
| १५ | भंगाले लिफ्ट सिँचाई इनार मर्मत र क्षति व्यवस्थापन | मन्थली १२ | १००००० |
| | जम्मा | | ३२५०००० |

| क स | प्रस्तावित योजनाको नाम | ठेगाना | अनुमानित रकम |
|---|---|---|---|
| १ | ठूलिमदौ अर्चले कठजोर सडकको कालोपत्रे सडकमा पहिरो पन्छ्याउने र सडक व्यवस्थापन गर्ने | मन्थली ३ | २००००० |
| २ | सेतीदेवी मा वि संरक्षण तथा कम्पाउण्ड वाल निर्माण | मन्थली ४ | २००००० |
| ३ | भ्याउरे सिँचाई आयोजना ईनार तथा पालेघर मर्मत | मन्थली ५ | २००००० |
| ४ | पुण्य आ वि भवन संरक्षण तथा वाल निर्माण | मन्थली ९ | २००००० |
| ५ | सरस्वती मा वि कम्वपाउण्ड | मन्थली १० | २००००० |
| ६ | पन्थली लिफ्ट खानेपानी ईनार संरक्षण तथा सडक मर्मत | मन्थली ११ | २००००० |
| ७ | अम्बासे लिफ्ट सिँचाई आयोजना मर्मत तथा निर्माण सबै | मन्थली १२ | २००००० |
| ८ | फुलासी कर्जाङ्ग छपाली सडक मर्मत तथा व्यवस्थापन | मन्थली १४ | २००००० |
| ९ | हरिसिद्धी आ.वि. चनखु | | १५०००० |
| | जम्मा | | १७५०००० |
| | दुवै कोलमको जम्मा रकम | | ५०००००० |

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

निर्णय नं. १४

गत असोज महिनाको वर्षाका कारण आएको बाढी पहिरोले क्षति पुर्याएका व्यक्तिगत घर संरचनाको सम्बन्धित वडा कार्यालयबाट प्राप्त सिफारिसका आधारमा प्राथमिकता तोकी क्षति पुगको संरचना मर्मतका लागि बागमती प्रदेश सरकारबाट प्राप्त अनुदानबाट सहयोग उपलब्ध गराउने ।

निर्णय नं. १५

कार्यपालिका सदस्य कुमारी सार्कीको सिफारिसमा सञ्चालन हुने योजना विनियोजन विधेयक २०८१ मा समावेश गर्न छुट भएकाले चालु आ.व. २०८१/८२ को कन्टिजेन्सीबाट स्रोत व्यवस्थापन गरी ती योजना सञ्चालन गर्ने ।

निर्णय नं. १६

चालु आ.व. २०८१/८२ मा नगर वडा साझेदारीबाट सञ्चालन भएका योजनाको ठेक्काबाट बचेको रकमबाट सम्बन्धित वडाबाट आएका सिफारिसका आधारमा योजना सञ्चालन गर्ने ।

निर्णय नं. १७

चालु आ.व. २०८१/८२ मा विनियोजित वडा नं. १० को वडा शिलिङ्गमा योजना प्रविष्ट गर्दा रु ३३०००० रकम छुट भएकाले उक्त छुट भएको शिलिङ्ग बराबरको सम्बन्धित वडा अध्यक्षको सिफारिसको योजना छनौट गरी चालु आ.व.को कन्टिजेन्सीबाट स्रोत व्यवस्थापन गर्ने ।

२०८१/०८/०६

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत

CamScanner